# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८०/८१

## बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८०/८१ को
# नीति तथा कार्यक्रम

## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बलेफी, सिन्धुपाल्चोक
## २०८०

# बलेफी गाउँपालिका
# आगामी आर्थिक वर्ष २०८०/८१ को
# नीति, कार्यक्रम तथा बजेट
## १३ औं गाउँ सभा
## २०८० असार ७ गते

**बलेफी गाउँपालिकाको १३ औं गाउँसभामा उपस्थित**
**गाउँसभाका सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**राष्ट्र सेवक कर्मचारीज्यूहरु, पत्रकार मित्रहरु,**
**सुरक्षाकर्मीलगायत उपस्थित सम्पूर्ण महानुभावहरु,**

बलेफी गाउँपालिकाको यस गरिमामय सभामा उपस्थित भई नीति, कार्यक्रम प्रस्तुत गरिरहँदा मलाई गर्वानुभुत भइरहेको छ।

संघीय संरचनामा स्थानीय सरकारले आफ्नो गाउँपालिकाभित्र रहेका आम नागरिकका दिनानुदिन आवश्यकताको सम्बोधन, सेवा प्रवाह तथा विविध पक्षको नजिकबाट सम्बोधन गर्न गाउँ-गाउँमा सिंहदरबारको अवधारणा अन्तरगत बनेको बलेफी गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा यो व्यवस्थाका लागि जीवन आहुति दिनुहुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्न्जली तथा सम्मान व्यक्त गर्दछु।

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका आन्दोलनहरुको क्रममा बेपत्ता, घाइते र आपांगता भएका योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

२०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन पछि गाउँपालिकाले प्रस्तुत गरेको यो दोस्रो नीति तथा कार्यक्रम हो।

### बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अबलम्बन गरिएको पद्धती

बलेफी गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमका लागि सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गरिएको छ। हरेक बस्ती र वडाबासीले आफ्ना लागि आफैंले विकासका कार्यक्रमको छनोट गर्न सकुन् भन्ने उदेश्यले आवश्यकताको आधारमा योजना तर्जुमा गरिएको छ।

बलेफी गाउँपालिकाको हरेक वस्ती स्तरबाट आएका योजना तथा कार्यक्रम वडास्तरमा पेश भएपछि वडा समितिले प्राथमिकताका आधारमा विषयगत समुहमा छलफल भएको छ। विषयगत समितिले छलफलको माध्यमबाट योजना प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गराई बजेट तथा कार्यक्रम तर्जुमा समितिले क्षेत्रगत सिमाको परिधि भित्र रही छनोट गरेको बजेट, नीति तथा कार्यक्रमको अन्तिम टुंगो लगाई कार्यपालिकामा पेश भएकोमा कार्यपालिकाले निर्णय गरी सभामा पेश गरिएको छ।

**आयोजना प्राथमिकिकरणका आधारहरु :** बलेफी गाउँपालिकाले आर्थिक बर्ष २०८०/८१ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि संचालन गर्ने आयोजनाको छनोट गर्दा लिइएका आधारहरु यस प्रकार छन् ।

- नेपालको संबिधानमा ब्यवस्था भएका नीति, मार्गदर्शक सिद्धान्त, मौलिक हक,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४,
- पालिका भित्रका नागरिकलाई घर आँगनमा सरकारको अनुभूति गराउन,
- बलेफी गाउँपालिकाको समग्र विकास र समृद्धिमा बल पुऱ्याउने योजनाहरु,
- पूर्वाधारतर्फ निर्माणाधीन आयोजना सम्पन्न गर्न,
- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको गाउँपालिकाको बजेट तथा कार्यक्रम तयारीको ढाँचाहरु
- उत्पादनमुलक र प्रतिफल दिने योजना,
- जनसहभागिताको अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने,
- समुदायलाई विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धि सचेत गराउने,
- बलेफी गाउँपालिकले यसअघि तय गरेका आवधिक तथा दीर्घकालीन नीतिहरु ।

**गाउँ सभाका सदस्य ज्यूहरू,**

यस सम्मानित सभा समक्ष म यस बलेफी गाउँपालिकाको आगामी आ.व. ०८०/०८१ को **बार्षिक नीति तथा कार्यक्रम** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१ आर्थिक क्षेत्र तर्फः

कृषी तथा पशुपंछी

- किसानका खेतबारीमा आधुनिक कृषि औजार लान ल्याउन सहज हुनेगरी कृषि मार्ग निर्माणमा विशेष ध्यान दिइने छ ।
- पालिका भित्र कृषि औजार निर्माण गर्ने परम्परागत मेशिन तथा खलाँति विस्थापित गरी आधुनिक मेसीन जडान सम्बन्धी तालिम र औजारका लागि अनुदान दिने कार्य अधि बढाइने छ ।
- किसानहरुका लागि आवश्यक पर्ने खानेपानी तथा सिंचाई पाईप, पोलिथिन ट्याङ्की लगाएतका सामाग्रीहरु प्राविधिक स्टामेट अनुसार उपलब्ध गराउन पहल गराइने छ ।
- पालिका भित्रका कृषि योग्य जमिनको बर्गीकरण र उपयुक्त बाली सिफारिस गरी निश्चित क्षेत्रमा सूचना बोर्ड राख्ने र उक्त क्षेत्र भित्रका कृषकहरुका लागि कृषि अभिमूखिकरण तामिल सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्र कृषि उपज सामाग्री संकलन केन्द्र स्थापना गरिनेछ साथै किसानहरुले उत्पादन गरेका कृषि उपज उक्त संकलन केन्द्रसम्म पुऱ्याउन ढुवानी वापत गाउँपालिकाले सहुलियत अनुदानको व्यवस्था गरिने छ ।
- व्यवसायिक रुपमा पशुपालन गरिरहेका व्यक्ति, फर्म, सहकारी, कृषि समूह लगायतले पालिरहेका दुहुना गाई, भैंसी, भेँडा तथा बाख्रालाई निःशुल्क पशु वीमाको व्यवस्था मिलाईने छ ।
- किसानसँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत कृषकहरुकालागि आवश्यक पर्ने कृषी औजारहरु हाते ट्र्यकटर, थ्रेसर, डिस्क मिल, पोर्टेबल स्प्रे लगायतका सामाग्रीहरु अनुदानमा वितरण गरिने छ ।
- सुत्केरी गाईभैसीलाई सुत्केरी खर्च उपलब्ध गराईने छ ।

- कृषि तथा पशु स्वास्थ्यपरीक्षण शिविर संचालन गरिने छ।
- दुध उत्पादनलाई प्रोत्साहन गर्न दुध संकलन केन्द्र नभएका आवश्यक ठाउँहरुमा दूध संकलन केन्द्र स्थापना गर्ने लक्ष लिदै गाई वितरण गर्ने नीति लिईने छ।
- किसानहरुको आर्थिक स्तर वृद्धि गर्नका लागि बेमौसमी तरकारी बाली उत्पादन गर्न प्लाष्टिक टनेल र आवश्यक सामग्री वितरणको व्यवस्था गरिने छ। साथै किसानहरुको उत्पादन बढाउन र अर्गानिक खेति प्रणलीलाई बढावा दिनको लागि प्राङ्गारिक तथा कम्पोष्ट मल र जैविक विषादी बनाउने सम्बन्धि तालिम दिइने छ।
- गाउँपालिका भित्रका व्यवसायिक कुखुरापालन, तरकारी खेती, मत्यपालन कृषकहरुलाई आधारभूत तालिम र सामग्री उपलब्ध गराउने व्यवस्था गरिने छ।
- गाउँपालिका भित्रका खेतीयोग्य जमिनलाई पालिका स्तरीय कृषी आधुनिकिकरण परियोजनाका रुपमा "गरा सुधार कार्यक्रम" सञ्चालन गरिने छ।
- जग्गा बाँझो रहने अवस्था गाउँपालिकालाई जानकारी गराएमा उक्त जग्गामा खेती गर्न सहजीकरण गरिने छ।
- कृषी सहकारी, कृषक समूह, कृषी फर्मसँगको सहकार्यमा उन्नत जातका बीउको बोका, बहर गोरु र राँगा अनुदानमा वितरण गरिने छ।
- बाली नालीमा क्षती पुर्याउने बाँदर नियन्त्रणको लागि विशेष कार्यक्रम ल्याइने छ।
- भेटनरी तथा कृषी सम्बन्धी तालिमको व्यवस्था गरिने छ।
- बलेफी गाउँपालिका क्षेत्र भित्र मौरी पालन गर्न योग्य स्थानको पहिचान गरी एक घर एक मौरी घार वितरण अभियान सञ्चालन गरिने छ।
- बाँझो जग्गा भाडामा लिएर कृषि व्यवसाय संचालन गरे बहाल कर नलाग्ने व्यवस्था गरिने छ। स्टार्ट अप (Start Up) व्यवसाय गर्न गर्न चहाने, स्वरोजगार बन्न चहाने युवाहरुलाई कार्ययोजना मूल्याङ्कनका आधारमा बैंक तथा बित्तिय संस्थाहरुसँग समन्वय गरी सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन पहल गरिने छ।
- प्रत्येक वडामा एक जना घुमुवा कृषी प्राविधिक र एक जना पशु प्राविधिक व्यवस्था गरिने छ।
- दुध उत्पादनमा आत्मनिर्भर गाउँपालिका बनाई निर्यातलाई बढावा दिन गाउँपालिकाका सवै वडाहरू समेटिने गरी दुहुना गाई भैसी लागत साझेदारिमा सहकारी मार्फत खरिद गर्न अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ।
- कृषिमा यान्त्रिकरण कार्यक्रमलाई प्राथामिकता दिइने छ।
- कम्तिमा ५ ओटा भन्दा बढी दुहुना बस्तु पालिएका फर्महरुलाई आवश्यक संख्यामा साझेदारीमा काउ-म्याट (Cow Mat) उपलब्ध गराईने छ।
- कृषकको पहिचान गरी किसान परिचय पत्र वितरण गर्ने ब्यवस्थालाई निरन्तरता दिइने छ।
- किसानहरुका लागि अत्यावस्यक रासायनिक मलको आपुर्तिलाई सहज बनाईने छ।
- बेमौसमी तरकारी उत्पादन गर्न तालिम संचालन गरीने छ।
- तरकारी, बालिनाली र पशुपन्छी बीमा कार्यक्रमलाई सहज बनाइने छ।
- स्थानीय उत्पादन स्थानीय स्तरमा नै उपभोग गर्न प्रोत्साहन गरिने छ।
- पशु स्वास्थ्यमा निशुल्क उपचार गर्ने नीति लिइनेछ साथै, लम्पी स्किन, खोर्यात, पि.पि.आर. लगाएतका रोगहरुको समयमानै निःशुल्क खोपको ब्यवस्था गरिने छ।

बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बलेफी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण शाखाकै रुपमा विकास गर्दै गाउँपालिका भित्र सहकारीलाई आधुनिक प्रविधिमा सहकारी संघ संस्थाहरुका लागि सहकारी तथा गरिवी सम्बन्धी व्यस्थापन सूच प्रणाली COPOMIs तालिम सञ्चालन गरी सवलिकरण र क्षमता विस्तारमा जोड दिइने छ।
- आगामी ४ वर्ष भित्रमा गाउँपालिकालाई दुध, मासु, अण्डा, तरकारी र खाद्दयानमा आत्मनिर्भर बनाई निर्यात मुखी कृ अर्थ ब्यवस्थाको नीति लिइनेछ।
- गाई वा भैंसीपालन गरिरहेका पशु फर्मवालालाई अनुदान सहयोग तथा प्राविधिक सहयोग गरिने नीतिलाई निरन्तरत दिइने छ।
- दुध उत्पाद गर्ने कृषकलाई दुध उत्पादनको आधारमा प्रति लिटर दिईंदै आएको अनुदान स्वरुप रु. २ बाट बढाई रु. ५ पुर्याईएको छ।

सिंचाई

- गाउँपालिका भित्रका खेती योग्य जमिनलाई सिंचित गर्नका लागि कुलो, नहर, ट्याङ्की तथा प्लास्टिक पोखरी निर्माण र पाइप उपलब्ध गराइने छ।
- सम्भावित स्थानहरुको पहिचान गराई जमिन मुनिको पानी उत्खनन तथा बोरिङ गर्ने नीति लिइनेछ।
- पानीको अभावमा खेतीयोग्य जमिन भाँजा फाटेर बस्ने र उक्त जमिन नजिक बगेर जाने खोलाबाट लिफ्ट सिंचाईको माध्यमबाट सिंचाईको ब्यवस्था गरिने नीति लिइने छ।
- टनेल खेतीलाई ब्यवस्थित गर्दै थोपा सिंचाई प्रणलीलाई प्रोत्साहन गरिने छ।

पर्यटन, सांस्कृतिक सम्पदा

- बलेफी गाउँपालिकामा अवस्थित पर्यटकीय एवं ऐतिहासिक महत्वका स्थानहरु मठ मन्दिर, गढी, गुम्बा, कृषि पर्यटकीय क्षेत्र लगाएतका सार्वजनिक महत्वका स्थानहरु संरक्षण र संबर्धनका लागि आवश्यक पूर्वाधार निर्माणको नीति लिइने छ।
- ऐतिहासिक स्थल, पुरातात्विक महत्वका स्थान, मठ मन्दिर, गुम्बा, कृषि क्षेत्र, पर्यटन एवं सार्वजनिक महत्वका स्थान जोडिने गरी एक वडा एक पदमार्ग निर्माण कार्यक्रम अघि बढाइने छ।
- गाउँपालिका भित्र प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन गरी सम्भावना देखिएमा गाउँपालिका भित्रका १० जनालाई प्याराग्लाइडिङ सम्बन्धि तालिमको व्यवस्था गरिने छ।
- विभिन्न जात जातिहरुले मनाउने पर्व, मेला, भाषा धर्म संस्कृतिको जगेर्ना गर्दै संरक्षण गर्ने नीति लिइने छ।
- धार्मिक तथा संस्कृतिक महत्वका क्षेत्र र पर्यटकीय स्थलहरुको तत्थ्याङ्क सङ्कलन गरी प्रवर्धन गरिने छ ।
- रैथाने जैबिक उत्पादको प्रवर्धन र बजारीकरणको लागि कोशेलीघर निर्माणको लागि पहल गरिने छ।
- सेल्ताप माईको मन्दिरलाई धार्मिक एवं पर्यटकीय स्थलको रुपमा परिचित गराउन चिलाउने सेल्ताप व्यवस्थित सिंडीसहित पदमार्ग निर्माण गर्न पहल गरिने छ।
- गाउँपालिका भित्रका धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गर्न र स्थानीयको आर्थिक स्तरउन्नती गर्न होम स्टे सञ्चालन गर्न तालिमको व्यवस्था गरिने छ।

उद्योग व्यापार, व्यवसाय तथा आपूर्ती

- पशुपंछी तथा पशुलाई जथाभावी बध गर्ने कार्यलाई निरुत्साहित गर्दै व्यवस्थित पशु बधशाला निर्माणको लागि गाउँपालिकाले साझेदारी गरिने छ।
- सिलाई बुनाइको माध्यमबाट जिविकोपार्जन गरिरहेका वा घरेलु उद्यमलाई प्रवर्धन गरिरहेकालाई आधुनिक शिलाई मेशिन वितरण गरिने छ।
- उद्यमशील र स्वरोजगार बन्न चाहाने युवाहरुका लागि सालको पात बाट निर्माण गर्न सकिने दुना टपरी निर्माण गर्ने मेशिन अनुदान उपलब्ध गराइने छ।
- उद्यम ग्राम संचालन गरी घरेलु तथा साना उद्योग संचालन गर्न प्रोत्साहन गरिने छ।
- होटल, होमस्टे, पर्यटन प्रवर्धन सम्वन्धित व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई सुरुको ३ वर्ष पालिकामा तिर्नुपर्ने व्यवसायिक कर छुटको व्यवस्था गरिने छ।
- रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना गर्ने उदेश्यले यस गाउँपालिका कार्यलयमा दर्ता भई सञ्चालनमा आएका अटो रिक्सा व्यवसायलाई व्यवस्थित गर्दै लगिने छ।
- गाउँपालिका भित्र दुध उत्पादनको प्रचुर सम्भावना देखिएका स्थानलाई केन्द्रित गरी दुग्ध प्रशोधन केन्द्रको रुपमा विकास गरिँदै लगिने छ।

श्रम रोजगारी र सामाजिक सुरक्षा

- बलेफी गाउँपालिका भित्र रोजगारी श्रृजना, रोजगार बैंक, नमूना रोजगार सेवाकेन्द्र निर्माणको लागि स्थानीय तहको रोजगार रणनीति निर्माण गरी सो अनुसार पालिका भित्रका सम्पूर्ण बेरोजगारहरुले रोजगारी प्राप्त गर्ने वातावरण श्रृजना गरिने छ।
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८० अनुसार कार्य गर्ने नीति लिईने छ।
- रोजगारीका अवसर श्रृजना, सम्भाव्यता अध्ययन, चुनौती, समस्या र अवसरहरुको खोजी गरी सुझाव दिलाउने उदेश्यले रोजगार संवाद मञ्च गठनको लागि कार्यविधि निर्माण गरी रोजगार संवाद मञ्च संचालन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग गाउँपालिकाको लागत साझेदारीमा (प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ को परिच्छेद ५ को दफा १९ उपदफा (३) बमोजिम) बेरोजागारहरुलाई रोजगारी उपलब्ध गाराउने नीति अवलम्बन गरिनेछ।
- बलेफी गाउँपालिका भित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारहरुको सूची अद्यावधिक गरिनेछ।
- गाउँपालिका भित्र संचालन भएको रोजगार तथा सीप प्रदान गर्ने कार्यसंग सम्वन्धित अन्य शाखासंग समन्वय गरी थप रोजगारी सृजना गर्ने कार्यमा सहकार्य गरिने छ।
- आन्तरिक रोजगारी प्रवर्धन सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्ने । आन्तरिक रोजगारी बृद्धिका लागि सहजीकरण गर्ने।
- रोजगारदाताहरुको पहिचान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत भएको बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउन छलफल तथा परामर्श गरिनेछ ।
- नमूनाको रुपमा पालिकाको कुनै वडासंगको सहकार्यमा कृषि क्षेत्रमा रोजगारी सृजना गर्न पहल गर्ने र स्वरोजगार उन्मुख बन्न उत्प्रेरित हुने वातावरण मिलाइने छ।

गंगा बहादुर तामाङ
अध्यक्ष

- EMIs मा रोजगारदाताहरुको तथ्यांक प्रविष्टि गर्ने, परिचय पत्र उपलब्ध गराउने तथा काममा खटाउने कार्यलाई पारदर्शी बनाइने छ।
- गाउँपालिकाद्धारा संचालन हुने सामुदायिक आयोजनाहरु वा निर्माण व्यवसायीमार्फत गरिने निर्माण कार्यहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई काममा लगाउनका लागि कम्तिमा १० प्रतिशत कामदार गाउपालिकामा सूचिकृत बेरोजगारका रुपमा दर्ता भएका कामदारबाट लिइने व्यवस्था मिलाइने छ।
- स्वरोजगार कोष, बैंक तथा वित्तिय संस्थाहरुसंग समन्वय गरी सेवा केन्द्रमा सूचिकृत भएको बेरोजगारहरुलाई थप स्वरोजगार बनाउनका लागि ऋण उपलब्ध गराउन पहल गरिनेछ।
- बैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि पुनःएकीकरणका कार्यक्रमहरु संचालन गरिनेछ, साथै पुनःएकीकरणमा जोडिएका र नमूना योग्य कार्य गरेका मध्ये उत्कृष्ट ब्यक्ति तथा फर्मका लागि गाउँपालिकाले एकमुष्ठ १ लाख नगद पुरस्कारद्धारा सम्मान गरिने छ।
- गाउँपालिकामा बसोबास गर्ने ६० देखि ६८ बर्ष उमेर समुहका नागरिकको शिप, अनुभव र विशेषज्ञताको प्रयोगका लागि विशेष कार्यक्रम निर्माण सामाजिक सुरक्षा कार्यक्रमा समावेश गरिने छ।
- गाउँपालिका भित्र युवा जनशक्तिलाई आत्मनिर्भर तथा स्वरोजगार बनाउने उदेश्यले विभिन्न सिप विकास तालिमहरु ड्राइभिङ तालिम, हाते ट्र्याक्टर मर्मत, मोटरसाईकल मर्मत, सिलाई बुनाई तालिम, पत्रकारीता तालिम, साहित्य तथा उद्घोषण तालिम, कुक तालिम, प्लम्बर तालिम, मौरी पालन तालिम, नाई तालिम, परम्परागत हस्तकला संरक्षण गर्ने (डोको नाम्लो, मान्द्रा धुन्चे लगायत निगालो तथा बाँसबाट बन्ने सामाग्री निर्माणको तालिमका साथै हलो, जुवा चनारो जस्ता सिपहरुको संरक्षण गरिने छ।
- बेरोजगार युवाहरुको रुचि अनुरुपको उद्यमशिलता तालिम तथा क्षमता अभिबृद्धि गरी स्वरोजगारी बनाउन प्रोत्साहन गरिनेछ।
- आदिवासी जनजाति महिलाको आर्थिक, सामाजिक तथा राजनीतिक कारणले पछि पारिएका समुदायहरुको सशक्तीकरणका कार्यक्रमहरु लागु गरिनेछ।
- विकास निर्माणका कार्यहरुमा स्थानीय श्रम शक्ति बाट मात्र सञ्चालन गर्ने कामलाई प्राथामिकता दिईनेछ।
- स्थानीय स्तरमा सञ्चालित विकास निर्माणमा मानव श्रोत परिचालन गरी ठुला मेशिन औजारको प्रयोगलाई न्युनिकरण गरिने छ।

पुर्वाधार विकास तर्फः

- उपभोक्ता समिति मार्फत संचालन गरिँदै आएका योजनाहरुको लागि अनिवार्य स्थायी लेखा नम्बर पान दर्ता गर्नुपर्ने व्यवस्था भएकोमा आगामी वर्ष २०८०।८१ मा रु.५ लाख भन्दा माथि रकमका योजना तथा कार्यक्रमहरुका लागि मात्र अनिवार्य प्यान चाहिने व्यवस्थाको नीति लिइनेछ।
- हाल सञ्चालनमा रहेका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको लागि जनश्रमदान २० प्रतिसत् भएको व्यवस्थालाई परिवर्तन गर्दै लागत इस्टिमेटको १० प्रतिशत कायम गरिनेछ।
- वडा भित्रका सबै शाखा सडकहरुलाई बाह्रै महिना सञ्चालन गरिने व्यवस्था मिलाईने छ।
- गाउँ गाउँसम्म पुग्ने मुख्य सडक नियमित मर्मत सम्भार र सरसफाईका लागि सडक हेरालुको व्यवस्था गरिने छ।
- भवन निमार्ण आचारसंहिता बनाई नयाँ निमार्ण हुने घर तथा भवनको नक्सापास गर्ने र बनिसकेका घरहरुको अभिलेखिकरण गरिने छ।

- गाउँपालिका सबै क्षेत्रहरूलाई समेट्ने गरी वैज्ञानिक रुपमा लागत अनुमानको दररेट निर्धारण गरिनेछ।
- गाउँपालिकाभित्र रहेका घर-जग्गाको मूल्य निर्धाण (मूल्याङ्कन) गर्ने कार्या समायानुकुल बैज्ञानिक बिधिमार्फत स्तरवृद्धि गरिने छ।
- बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सहायक राष्ट्रिय राजमार्गको रुपमा स्तर उन्नतिको काम भईरहेको र शाखा सडकहरुको नियमित अनुगमन गरी सम्बन्धित निकायमा प्रतिबेदन पेश गरिने छ।
- बलेफी गाउँपालिकासमेतको साझेदारीमा संघीय तथा प्रदेश समपूरक बजेटबाट निर्माण हुने योजनाहरुलाई प्राथमिकतामा राखिने छ।
- गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन, वडा नं. २ को वडा कार्यालय भवन, जलविरे प्राथमिक स्वास्थ्य केन्द्र भवन, वडा नं. ३ को वडा कार्यालय भवन लगाएतका भवन निर्माणको कार्य सम्पन्न गरी वडा कार्यालय भवन बन्न बाँकी वडा कार्यालय भवन निर्माण प्रकृयाको कार्यलाई प्रथामिकतामा राखिने छ।
- गाउँपालिकाका नियमित योजनाहरु पुस मसान्त सम्ममा सम्झौता सम्पन्न गरी सक्ने र बैशाख मसान्त सम्ममा योजना सम्पन्न गरी भुक्तानी गरी सक्ने नीति लिइने छ।
- यस गाउँपालिका भित्र निर्माण हुने सम्पूर्ण भौतिक पूर्वाधारका संरचनाहरु बालमैत्री, वातावरणमैत्री र अपाङ्गमैत्री, जेष्ठ नागरिक मैत्री निर्माण गरिने छ।
- भौतिक पूर्वाधार तथा निर्माण संरचनाको गुणस्तरीयताको सुनिश्चितता गरिने छ।
- गाउँपालिका भित्र सार्वजनिक शौचालयहरुको संख्या थप गर्दै व्यवस्थित बनाईने छ।
- गाउँपालिका भित्रका बस्तीहरु चोकहरु, बजारहरु र कार्यालय परिसरहरुमा आवश्यकताको आधारमा सौर्य सडक बत्तीको जडान कार्यलाई निरन्तरता दिईने छ।
- यस आर्थिक वर्षमा नेपाल दुरसञ्चार प्राधिकरणसँगको साझेदारीमा गाउपालिका भरका जस्तै सामुदायीक बिद्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु आदिमा उच्च गतिको इन्टरनेट सेवा विस्तारको लागि फाइबर जडान र सञ्चालन गरिने छ।
- दुरसञ्चार मोबाइल नेटवर्क सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन गाउँपालिका भित्र सम्बन्धित सेवा प्रदायक संस्थासँग सहकार्या गर्दै थप टावर बिस्तार गर्न पहल गरिने छ।
- गाउँपालिका भित्रका सम्भावित स्थानहरुमा ढुंगा खानी सन्चालन गर्न सम्भाव्यता अध्ययन गरी ईआईए (EIA)का लागि पहल गरिने छ।
- सामाजिक परम्परा अनुसार सद्‌गद (दाहसंस्कार) गर्ने स्थलहरु घाट, चिहान, पाटीलाई व्यवस्थित बनाई, बेवारिसे लासहरुको समयमा नै व्यवस्थापन गरिने छ।
- गाउंपालिका भित्र हुने गरेका योजनाहरुको कन्टिजेन्सी बापत् लिईदै आएको कन्टिजेन्सीलाई ३ प्रतिशत्बाट ४ प्रतिशत पुर्याईएको छ।

**खानेपानी तथा सरसफाईः**

- गाउँपालिकाबासिहरुलाई एक घर एक धारा, स्वच्छ सफा र सुरक्षित पिउने पानी व्यवस्था गरिने छ।
- एक धारा दुई टनेला विस्तार गर्ने नीति लिइने छ।
- गाउँ घरमा उत्पादन हुने तर नकुहिने प्रकृतिका फोहोरहरुको उचित व्यवस्थापन वडाहरु मार्फत गरिने छ।
- खानेपानीको चरम अभाव रहेका र पानीको अन्य श्रोत नभएका स्थानहरुमा डीप बोरिङमार्फत खानेपानी उत्खनन गर्ने कार्यलाई प्राथमिकता राखिने छ।

सामाजिक क्षेत्र विकास तर्फ

क. शिक्षा सम्बन्धी नीतिहरु

- माध्यमिक तह कक्षा १२ सम्मको शिक्षालाई अनिवार्य तथा निःशुल्क बनाउने नीतिलाई दृढता पूर्वक लागु गरिने छ।
- गाउँपालिकाले एक विद्यालय एक ल्यापटपको कार्यक्रमको थालनी गरिने छ।
- विद्यार्थी संख्याको आधारमा विद्यालय मर्जरको नीति यसै वर्षबाट लागु गरिने छ। साथै खाली भएका विद्यालय भवन तथा संरचनाहरुलाई जेष्ठ नागरिक अध्ययन केन्द्र, संरक्षण केन्द्र, हेरचहा केन्द्र, दिवा सेवा केन्द्र र बिपत् आश्रय स्थालको रुपमा विकास गरिने छ।
- विद्यार्थीहरुको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालय तहका कक्षा ५ र ८ को परिक्षा प्रणालीलाई सुधार गरिने छ।
- विद्यालयका शिक्षहरुलाई प्रविधिमैत्री बनाउने उदेश्यले पालिका भित्रका विद्यालयका शिक्षकहरुका लागि कम्प्युटर सम्बन्धि हार्डवेयर तथा सफ्टवेयर समबन्धि तालिमको व्यवस्था मिलाईने छ।
- प्रविधिक शिक्षा अध्ययन गर्न चहाने र अध्ययन गरिरहेको आदिवासी जनजाति, दलित सिमान्तकृत परिवार तथा शहिद, घाइते, बेपत्ता परिवारका सदस्यहरुलाई छात्राबृद्धिको ब्यवस्था गरिने छ।
- विशेष क्षमता प्रदर्शन गर्ने विद्यार्थीलाई विद्यार्थी प्रतिभा पुरस्कार तथा सम्मान प्रदान गर्ने नीति लिइने छ।
- विद्यालयको शैक्षिक सुधारको लागि तहगत (१-३), (३-५), (५-८) ,र (९-१०) को नतिजा बिश्लेशण गरी शिक्षक ,विद्यार्थी सम्मान कार्यक्रम गरीने छ।
- पेन्सन भएका शिक्षकहरुले स्वऐच्छिक अवकाशमा बस्न चाहने शिक्षकहरुलाई कार्यविधि बनाई एकमुष्ट प्रोत्साहन खर्च उपलब्ध गराउने प्रबन्ध मिलाईने छ।
- सबैभन्दा कम बिदा बस्ने पालिका भित्रको शिक्षकलाई पुरस्कृत गरिने छ।
- कुशल प्रधानध्यापकलाई सम्मान गरिने छ। सामूदायिक विद्यालयहरुमा अल्पकालीन शिक्षकको व्यवस्था गरिने छ।
- विद्यालयहरुमा संगीत शिक्षकको व्यवस्था गरिने छ।
- कक्षा ९ देखि नै प्रविधिक शिक्षालाई समावेस गर्ने नीति लिईने छ।
- बलेफी गाउँपालिका भित्रका विद्यालयलाई आवसीय विद्यालयकको रुपमा विकास गर्दै लगिने छ।
- विद्यालयमा अतिरिक्त क्रियाकला गर्न गराउन प्रोत्साहन गरिने छ।
- अभिभावक शिक्षा कार्यक्रम प्रत्येक विद्यालयमा सञ्चालन गर्ने गरी ब्यवस्था गरिने छ।
- नमूना विद्यालय अध्ययन भ्रमण गरी सवल पक्षको आत्मसात गर्ने कार्यालाई प्रोत्साहन गरिने छ।
- विद्यार्थीहलाई हस्तलेखन सम्बन्धी लेखन कला अभिबृद्धि गर्न घुम्ति शिक्षक मार्फत प्रदान गरिने ब्यवस्था गरिने छ।
- शिक्षकहरुका लागि विषयगत पाठ्यक्रममा आधारित शिक्षण शिकाई क्रियाकलाप क्षमता अभिबृद्धि तालिम प्रदान गरिने छ।
- प्रत्येक बर्ष विपन्न बर्गका विद्यार्थीहरुलाई इन्जिनियरिङ्ग, कृषि, पर्यटन, र स्वास्थ्य क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान् गरिनेछ।
- बलेफी गाउँपालिका भित्रका नागरिकले एमफील र पीएचडी गर्न चाहेमा क्रमश रु १ लाख र १ लाख पचास हजार र यसै गाउँपालिकाको विषयमार्था उच्च एमफील र पीएचडी गरेमा २ लाख रुपैयाँ छात्रबृद्धि उपलब्ध गराइने छ। साथै एमबीबीएस अध्ययनका लागि प्रवेश परीक्षा उत्तिर्ण गरेका पालिका भित्रका नागरिकका लागि प्रत्येक वर्ष रु १ लाखका दरले छात्रबृद्धि प्रदान गरिने छ।

- सामुदायीक विद्यालयहरुमा बाल उद्यान, बाल बाटीका, बाल मैत्री संरचनाहरुको विकास गरिने छ।
- स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनको चरणमा रहेकोले दृढता पूर्वक कार्यान्वयन गरिने छ।
- सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमको पठन पाठनलाई अभिप्रेरित गरिने छ।
- पालिका स्तरमा लोक सेवा आयोग परीक्षा र शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिने छ।
- विपन्न आदिवासी जनजातिलाई प्राविधिक तथा उच्च शिक्षाका लागि छात्रबृत्तिको व्यवस्था गरिनेछ।
- बालबालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक शिक्षालाई मन्टेश्वरी विधीमा आधारित शिक्षालाई एड्भान्स तालिमको व्यवस्था गराई शिक्षण सिकाई क्रियाकलापलाई गुास्तरीय र प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइने छ।
- बाल स्वास्थ्यलाई मध्यनजर गर्दै सामुदायिक विद्यालयमा दिवा खाजा व्यवस्थापन कार्यविधिलाई कडाइकासाथ लागू गर्दै बालविकास कक्षा देखि १० सम्मको लागि दिईदै आएको अनुदानलाई निरन्तरता दिइने छ। साथै विद्यालय क्षेत्रमा जंकफुड, धुम्रपान, मध्यपान निषेधित क्षेत्र घोषणा गरिने छ।
- प्रशासनिक कुशलता र नेतृत्वदायी क्षमतालाई आधार मान्दै विद्यालय प्रशासनलाई सुदृढ र जवाफदेही बनाउन प्रत्येक वर्षको कार्यक्षमता मूल्याङ्कन र कार्यसम्पादन क्षमता हेरी सक्षम प्र.अ. नियुक्ती प्रकृयालाई कडाइका साथ लागू गरिने छ।
- विद्यालयमा आवश्यक खेलकुद सामाग्रीको व्यवस्था गरिने छ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक र सामाजिक समावेशिकरणः**

- छोरी जन्मिएको घरमा "छोरी भेटघाट कार्यक्रम" सञ्चालन गरिने छ। छोरी जन्मेपश्चात प्रदान गरिदै आएको छोरी सम्मान कार्यक्रमलाई निरन्तरता दिईदै आएको ३ हजार दिईदै आएकोमा ५ हजार पुर्याइने छ।
- जेष्ठ नागरिकलाई सम्मान तथा अवलोकन भ्रमणको कार्यक्रम गराइने छ।
- मृतक परिवार भेटघाट कार्याक्रमलाई व्यवस्थित गरिने छ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित पारिने छ। साथै जेष्ठ नागरिक ,शरिरीकरुपले असक्त लगायतलाई घर घरमै सामाजिक सुरक्षा भत्ता वितरण गरिने छ।
- महिला, दलित, जनजाती, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता, शहिद, घाइते र बेपत्ता परिवारको उत्थानको लागि उनीहरुको क्षमता विकास गरी आयआर्जनका लागि विविध कार्यक्रमहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिदै लगिने छ साथै उनीहरुलाई आर्थिक सहयोग प्रदान गरिने छ।
- संघ संस्था मार्फत छरिए संचालनमा रहेका कार्यक्रमहरुलाई गाउँपालिकाको कार्यविधि अनुसार गरिने छ।
- महिला स्वास्थ स्वयंम सेबिकाहरुलाई उपलब्ध गराउँदै आएको मासिक यातायात खर्चलाई १५ सय लाई बृद्धि गरी २ हजार पुर्याइने छ । साथै, प्रोत्साहन भत्तालाई निरन्तरता दिदै स्वयम सेविकाहरुको नियमित बैठक बसेपछि बापत प्रति बैठक रु ४०० का दरले दिइने खर्चलाई निरन्तरता दिइने छ।
- महिला हिंसा, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता कुरिती, कु संस्कार, सामाजिक भेदभावजन्य क्रियाकलाप, विरुद्धका जनचेतनाका कार्यक्रम संचालन गरिने छ।
- जेष्ठ नागरीक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाभित्रका बालश्रमिकहरुको पहिचान गरी उनीहरुको उचित व्यवस्थापनमा ध्यान दिइने छ। जेष्ठ नागरीकसँग जनप्रतिनिधी कार्यक्रम अन्तर्गत वृद्ध भत्ता, एकल महिला भत्ता, अपाङ्ग भत्ता लगायतका सुबिधाहरु बैंक मार्फत टोलटोलमा उपलब्ध गराउने नीति लाई निरन्तरता दिइने छ। मापदण्ड बनाई एकल पुरुष भत्ता वितरण गर्ने उदेश्यले एकल पुरुषहरुको विवरण संकलन गरिने छ।

- बालबालिकाको समग्र विकास गर्नको लागि अन्य आवश्यक गतिविधीहरुको व्यवस्थापन गरिने छ।
- सुत्केरी पोषण कार्यत्रमलाई निरन्तरता दिइने छ।
- उपाध्यक्ष नारी सुरक्षा, महिलासँग जनप्रतिनिधी कार्यक्रमलाई निरन्तरता दिइने छ।
- अति विपन्न, निम्न आयस्तर भएका, टुहुरा विद्यार्थीहरुलाई गाउँपालिकाले अभिभावकत्व लिँदै माध्यामिक स्तरसम्मको शिक्षा प्रदान गरिने छ।

स्वास्थ्य,जनसंख्या तथा पोषण

- अति विपन्न असाहय, शारीरिक रुपले असक्त, अपाङ्गता भएका र जेष्ठ नागरिकका लागि उपचार खर्च सहयोग उपलब्ध गराइने छ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
- महिलाहरुमा देखिने आँड खस्ने, फिस्टुला, स्तन क्यानसर जस्ता रोग लक्षित वडा स्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ।
- बर्थीङ सेन्टरहरुलाई सुविधा सम्पन्न बनाई सेवालाई छिटो र छरितो बनाईने छ।
- सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।
- दिर्घरोगीहरुका लागि निःशुल्क औषधी वितरण गरिने छ।
- शारीरिक तन्दुरुस्तका लागि एक वडा एक सार्वजनिक व्ययमशाला निर्माण गरी सञ्चालनमा ल्याईने छ।
- स्वास्थ्या सम्बन्धि जनचेतनामूलक सन्देशहरु समय समयमा विभिन्न सञ्चारमाध्यमबाट प्रचार प्रसार गर्नुकासाथै स्वास्थ्य आमा समूह महिला स्वास्थ्य स्वंम सेविकामार्फत गाउँ बस्ति टोल टोलमा सूचना संप्रेषण गरिने छ ।
- नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाईने छ।
- बौलाहा कुकुरहरुको उचित व्यवस्थापनमा ध्यान दिदै बहुलाहा कुकुरले टोकेमा निशुल्क रेबिज खोपको निःशुल्क व्यवस्था गरिने छ।
- बर्थीङ सेन्टर भएका स्वास्थ्य संस्थाहरुमा Video x-ray को व्यवस्था गरिनेछ।
- प्रोटोकल अनुसार ८ पटक गर्भ जाँच गर्ने महिलाहरुलाई पोषण सामग्री वितरण गरिने छ।

यूवा तथा खेलकुद

- आफ्नै पालिका भित्र उचित स्थानको संभाब्यता अध्यन गरि सुविधा सम्पन्न खेलमैदान निर्माण गर्न पहल गरिने छ।
- स्वास्थ्यका लागि खेलकुद, राष्ट्का लागि खेलकुद कार्यक्रमलाई प्राथमिकताका साथ विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरिने छ।
- हरेक माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि आत्मरक्षा तालिम प्रदान गर्न घुम्ति खेलकुद प्रशिक्षकको व्यवस्था गरिने छ।
- बलेफी गाउँपालिकाको खेल क्षेत्रको विकासको लागि कार्यविधि निर्माण गरी, खेलकुद विकास समिति गठन गर्दै खेलकुद सम्बन्धि गतिविधिलाई प्रभावकारी बनाइने छ।
- समाजमा यूवा क्लबहरुको भूमिकालाई सशक्त बनाई खेलकुद विकासमा सक्रिय बनाउन प्रेरित गरिने छ।

- पालिका भित्रका खेलकुदमा राष्ट्रिय तथा अन्तारास्ट्रिय पदक विजेता खेलाडीलाई क्रमशः नगद ५० हजार र १ लाख सहित सम्मान गरिनेछ।
- विद्यालयहरुमा स्काउट गठन गरिने छ।
- समाजसेवाको लागि स्काउटका स्वयम्सेवक सँग समन्वय गरिने छ।
- प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकालाई बिरामी बोक्ने प्रयोजनको लागि स्टेचर प्रदान गरिने छ।

**वन बातावरण तथा विपद व्यवस्थापनः**

- वन, वातावरण विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन गाउँपालिकामा वन बातावरण तथा विपद व्यवस्थापन शाखा गठन गरिने छ।
- विपद व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिने छ।
- गाउँपालिका भित्रका जोखिमयुक्त स्थानहरुको भौगोलिक अध्ययन गरिने छ।
- विपद् व्यवस्थापन नीति तथा कार्ययोजना निर्माण जोखिम नक्शांकन तथा बृहत अध्ययन प्रतिवेदन तयार गरिने छ।
- बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न छिमेकी स्थानीय तहहरू सँगको साझेदारिमा स्थायी ल्याण्डफिल्ड साइडको खोजि गरी फोहोर मैलाको उचित व्यवस्थापन गरिने छ।
- आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापना विपद् पूर्व तयारी तथा प्रतिकार्य सामग्री खरिद मनसुनजन्य विपदबाट क्षति हुने निजी आवास पुनर्निर्माणका लागि लागत सहभागिता विपद् खोज उद्धार तथा राहत वितरण कोष विपद् व्यवस्थापन सम्बन्धी तालिम तीन दिने पालिका स्तरीय विपद् कृतिम अभ्यास (Disaster Demo presentation) सञ्चालन गरिने छ।
- प्लाष्टिकजन्य वस्तुले वातावरणलाई पार्ने असरलाई कम गर्न गाउँपालिका भित्रका खेर गएका प्लाष्टिकजन्य वस्तु संकलन गरी प्रशोधन केन्द्र स्थापनाको लागि पहल गरिने छ।
- प्राकृतिक प्रकोपमा परी घरबार बिहिन भएका नागरीकहरुको अल्पकालीन पालनपोषणको व्यवस्था स्थानीय सरकारले गर्ने नीति अवलम्बन गरिने छ।
- फोहोरमैला व्यवस्थापन अध्ययन गरी व्यवस्थित गरिने छ।
- गाउँपालिकाले एम्बुलेन्स, अग्नी नियन्त्रक सञ्चालनमा ल्याउन पहल गरिने छ।
- प्राकृतिक विपद्बाट पूर्णरुपमा आवास क्षति भएका नागरीकहरुलाई अवस्था हेरी आवास निर्माण गर्न अनुदान उपलब्ध गराईने छ।
- विपद व्यवस्थापन, राहत तथा उद्धार कार्यको लागि आवश्यक पर्ने आधारभुत सामाग्रीहरु पर्याप्त रुपमा उपलब्ध गराइने छ। साथै गाउँपालिका स्तरीय विपद् व्यवस्थापन तालिमको व्यवस्था गरिने छ।
- बस्तिअनुसार ढल निकासा व्यवस्थापन कार्यलाई कार्यान्वयनमा ल्याईने छ।

सुशासन तथा संस्थागत विकास तर्फः

- उपभोक्ता समिति मार्फत हुने योजना कार्यान्वयन गर्नको लागि समिति दर्ता, योजना सम्झौता, कार्य सम्पन्न तथा भुक्तानी प्रकृयाको बारेमा जनचेतना जगाउनका लागि घुम्ती सेवाको रुपमा उपभोक्ता समितिहरुका लागि अनुशिक्षण कार्यक्रम संचालन गराइने छ।
- पालिका भित्र गरिने ठुला र जटिल योजनाहरुको गुणस्तर चेक जाँच गर्न ल्याव सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका प्राविधिक कर्मचारीहरुका लागि क्षमता अभिबृद्धि सम्बन्धि तालिम पहिलो चौमासिकमा नै सञ्चालन गरिनेछ।
- योजना तर्जुमा गर्दा गाउँपालिका भित्रका गाउँ बस्ती स्तरबाट नै आवस्यकता अनुसार योजना टिपोट र छनोट गर्ने व्यवस्था गरिनेछ।
- वार्षिक तथा अर्धवार्षिक समीक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण योजना अनुगमन नियमित रुपमा गर्ने व्यवस्था मिलाइने छ।
- सबै प्रकारका व्यबसायलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानका रुपमा संचालन गरिने छ।
- पालिकाको स्वामित्वमा सूचना प्रवाहलाई मध्यनजर गर्दै एफएम रेडियो सन्चालनका निमित् पहल गरिने छ।
- सबै वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई सजहज र सरल बनाउन सबै कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा रहेका सहकारी संस्थाहरुको दर्ता, नवीकरण, अनुगमन, सुपरीवेक्षण गर्न गाउँपालिकाको कार्यालयमा छुट्टै सहकारी विभाग गठन गरी जिम्मेवारी तोकिनेछ।
- पञ्जिकरण र सामाजिक सुरक्षाको दर्ता गर्न वडा सरकार घरघरमा पुग्ने नीति लिइनेछ।
- वडा कार्यालय, स्वास्थ्य संस्था, सरकारी संघ संस्था तथा विद्यालयहरुमा ई हाजिरीको ब्यवस्था गरिने छ।
- व्यक्तिगत घटना दर्ता शतप्रतिशत पुर्याउनको लागि दर्ता शीविरको आयोजना गरिने छ।
- गाउँपालिकाको समग्र योजना र विकासका लागि पालिका भित्रका नागरिकको विवरण डिजिटल डाटा रेकर्ड राख्ने कार्यका लागि आठ वटै वडाभित्रका नागरिकको डिजिटल तथ्यांक संकलन गरिने छ। पालिकाको वास्तविक तथ्य संकलन गर्न अभियानात्मक कार्यक्रम संचालन गरिने छ।
- पालिका भित्रका मुख्य बजार क्षेत्र र संवेदशीलस्थलहरुमा सिसिटिभि जडानको कार्यक्रम सञ्चालनमा ल्याइने छ।
- पालिका भित्रका बजार क्षेत्रमा फायर डिस्टिङगुइसर राख्ने व्यवस्था गरिने छ।
- गाउँपालिकाका गतिविधिहरु पारदर्शी बनाइनुका साथै, संचार क्षेत्रको विकास, पत्रकारीता तालिम र सूचना प्रवाहमा नेपाल पत्रकार महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) र निजी क्षेत्र सँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिने छ।
- गाउँपालिकाका सम्पूर्ण सेवाहरु एउटै स्थानबाट दिईने गरी एकीकृत घुम्ति शिविर सञ्चालन गरिने छ।
- भ्रष्टाचार निर्मूल गर्ने गरी भ्रष्टाचार शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ। साथै अपारदर्शि र गैरजिम्मेवार पूर्ण कामकार्वाहि र व्यवहारप्रति गाउँकार्यपालिका तथा वडा कार्यलयहरुमा शुन्य सहनशिलताको नीति लिइने छ।
- आफ्नो टोल आफैं सुधार कार्यक्रम अन्तर्गत टोलमा हुने गरेका विकास निर्माण, सामाजिक बिकृति, बिसंगती, समाजमा हुने गरेका अनावश्यक हो हल्ला माथी खबरदारी, निगरानी र जनचेतना फैलाउने कार्य गर्नको निम्ति टोल टोलमा टोल सुधार समिति गठन गरिने छ।

- वडास्तरमा रहेका मेलमिलाप कर्ताहरुका लागि यातायात तथा सञ्चार खर्चको व्यवस्था गरिनेछ । साथै पुर्नताजगी अभिमुखिकरण तालिम दिलाईने छ ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनीक परिक्षण जस्ता कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गबाट संचालन गरिने छ।
- आम नागरिकको गुनासो सुनुवाई गर्नको निम्ति "गुनासो सुनुवाई कक्ष" सञ्चालनमा ल्याइने छ।
- वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय तथा गाउँपालिका क्षेत्रभित्र शान्ति सुरक्षा र सुव्यबस्था कायम गर्न गाउँपालिका प्रहरी गठन गर्न कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइने छ।
- गाउँकार्यपालिका तथा वडा कार्यलयहरुबाट प्रदान गरिने सेवाहरुलाई छिटो छरितो र पारदर्शि बनाउन अनलाइनमा आधारित स्मार्ट पालिकाको अवधारण ल्याइने छ।
- तीन लाख रुपैयाँ भन्दा बढि लागतका आयोजना कार्याक्रमहरु सञ्चालन स्थानमा कम शुरु हुँदाका बखतमै गाउँपालिकाले तोकिएको विवरण कार्य स्थलमा होर्डिङबोर्ड स्पष्ट देखिने स्थानमा राख्ने, कार्य सम्पादनको विवरणसहित सूचना बोर्ड र फ्लेक्स बोर्ड राख्ने कार्यलाई निरन्तरता दिइने छ।
- गाउँपालिकाको संस्थागत क्षमता बिकास गर्न कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम सञ्चालन गरिने छ।
- गाउँपालिकाको संगठनात्मक संरचना र दरबन्दी तेरीज स्वीकृत गर्न संगठन तथा ब्यवस्थापन प्रतिवेदन स्वीकृत गरी दरबन्दी कार्यन्वयनमा ल्याइने छ।
- सेवा प्रबाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यकताको आधारमा गाउँपालिका भित्र कार्यरत सरकारी तलव भत्ता खाने कर्मचारीहरुलाई काजमा खटाउने नीति लिइने छ।
- फोहोरमैला व्यवस्थापन, विधुत, खानेपानि आपूर्ति, सरसफाई, सवारी चालक, भान्से जस्ता सेवाहरु करारमा लिइने छ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको घुमफिर वा मानवीय काबु भित्रको अन्य कारणबाट वडा तथा पालिकाको सेवा प्रभावित हुन नदिइने नीति अवलम्बन गरीने छ।
- कर प्रणालीलाई वैज्ञानिक र व्यवहारीक बनाउँदै करदाता शिक्षालाई अभियानको रुपमा चलाईने छ। साथै वहाल करलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइने छ।
- बलेफी गाउँपालिकाले हाल लिँदै आएको राजश्वको दरलाई आवस्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गर्ने नीति लिइने छ।

धन्यबाद ।